# शृङ्गारिक कविता



महापण्डित दधिराम मरासिनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# शृङ्गारिक कविता

रचनाकार
महापण्डित दधिराम मरासिनी

प्रकाशक
वासुदेव मरासिनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

| | | |
|---|---|---|
| कृति | : | श्रृङ्गारिक कविता |
| रचनाकार | : | महापण्डित दधिराम मरासिनी |
| ठेगाना | : | पोखराथोक गा.वि.स.-५, खिदिम, अर्घाखाँची |
| संस्करण | : | प्रथम |
| प्रकाशन मिति | : | २०७०।४।१२ |
| प्रकाशक | : | वासुदेव मरासिनी (लेखकका पौत्र) |
| ठेगाना | : | पोखराथोक गा.वि.स.-५, खिदिम, अर्घाखाँची |
| | | हालः का.म.न.पा.-५, रातोपुल, काठमाडौं |
| फोन नं. | : | ४४७०३१४ |
| प्रति | : | १००१ |
| मूल्य | : | रू. ५०/- |
| सर्वाधिकार | : | प्रकाशकमा |
| कम्प्युटर | : | नूर डेस्कटप सर्भिस |
| | | पुतलीसडक, काठमाडौं # ४८५१०७४५२० |
| मुद्रक | : | |


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# श्रृङ्गार रस- प्रवाहमा दधिराम मरासिनीका कविता

श्री हरिहर संस्कृत विद्यालयका प्रधानाध्यापक, हजारौं विद्यार्थीका आदर्श गुरु, परम शिवभक्त महापण्डित दधिराम मरासिनी विद्वत्ता र कवित्वका शिखर व्यक्तित्व हुनुहुन्थ्यो । कविशिरोमणि लेखनाथले समेत आफ्ना साहित्यिक गुरु मानेका मरासिनीज्यूका युवाकालीन श्रृङ्गार रस प्रधान कविताहरू वि.सं. १९६१-६२ तिरबाट प्रकाशित हुन थालेका थिए ।

आफ्नो प्रौढ उमेरपछि मरासिनीज्यूको कलम भक्ति रसमा प्रवाहित हुँदै समाज सुधारको सन्देश र प्रेरणाको ध्येयतिर केन्द्रित हुँदै गएको थियो । संस्कृतमा रचिएका 'श्रीरामचरितामृतम्', 'श्रीकृष्णचरितामृतम्', 'गणेश वै भवम्', 'स्तवमाला' आदि काव्य-कविताहरू र नेपालीमा रचिएका 'सदुपदे श', अहिंसोपदेश', 'भक्तिविलास', 'वैराग्य विलास' आदि काव्य-कविताहरू ने पाल र भारतका हजारौं हजार पाठकसम्म पुगेका छन् । यसखाले रचनाहरू पढ्ने पाठकहरूको मानसपटलमा महापण्डित दधिरामको छवि परम भक्त र सुधारवादी कविको रूपमा प्रतिबिम्बित भएको छ ।

तर उनै कवि दधिराम मरासिनीका बीस-बाइस वर्षे जवानीतिर प्रकाशित श्रृङ्गार रसमा चुर्लुम्मै डुबेका कविताहरूबाट अहिलेका पाठक समुदाय परिचित हुन पाएका छैनन् । अहिले ती कविताहरू पढ्ने हो भने ' यी दधिरामकै कविता हुन्' भनी पाठकहरूले हत्तपत्त पत्याउने छैनन् । हेरौं एक दुई बान्की-

**नयन नील कमल् सरि नानिका**
**अलक श्यामल खूब घना निका**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

**गरिनसक्नु छ है कुचका कुरा**
**अति उचा ति उचालि पछेउरा ।**

ooo

**सकल त्याग् गरि बस्नु कि बन्महाँ**
**तरुणिका कित लेटनु काख्महाँ**
**दुई कुराकन स्वर्गसरी भनी**
**भजन हेजन, हेरि उमेर्पनी ।**

'मदनोद्दिपिनी काव्य' बाट
('कविता कल्पद्रुम' मा वि.सं. १९६१ मा प्रकाशित)

'भक्तिविलास' र 'वैराग्य विलास' लेख्ने कविले 'मदनोद्दिपिनी' जस्तो काव्य लेखे होलान् भनेर कसरी पत्याउने ? तर कविले माथिको पछिल्लो श्लोकमा 'त्यागी भएर वनमा जाने कि, तरुणीको काखमा लेट्ने' भनी आफ्नो युवाकालीन स्थिति र पछिको बार्धक्यको बाटोतिर संकेत गरेको देखिन्छ ।

मानिसमा युवाकालमा श्रृंगार रस या प्रेम भावना फुल्नु सृष्टिको स्वाभाविक प्रक्रिया हो । त्यो कतै कोपिला झैं केही खुम्चिएको हुन्छ भने कतै फूल झैं फक्रेको हुन्छ, फरक त्यति हो ।

दधिराम मरासिनीको युवाकाल मोतीराम भट्ट आदि श्रृंगारिक कविहरूको रसमय बाढीले उरालेको 'सूक्तिसिन्धु' को सयम थियो । त्यस संग्रहले साहित्यकारहरूमाथि प्रशासनको बक्रदृष्टि परी कुख्यात 'सिन्धुकाण्ड' नै रचाएको थियो ।

श्रृंगार रसलाई काव्य-मनीषीहरूले 'रसराज' पनि भनेका छन् । यो धारा साहित्यको उदयकालदेखि नै प्रवाहित हुँदै आएको हो । भागवत जस्तो अत्यधिक चर्चित, धार्मिक पौराणिक यज्ञहरूमा, 'अठासीहजार ऋषि' हरूका पालादेखि चल्दै आएको कृष्ण र गोपिनीहरूको विराट रासलीलाको प्रवाह विश्वव्यापी भएको छ । हजारौं युवती राख्नको लागि हजार कोठे सिंहदर वार बनाउने राणा शासकलाई रिझाउन भारदारहरू घुँडासम्म झुकेर स्वस्तिसलामी गर्थे । अनि तिनीहरू नै 'सूक्तिसिन्धु' र त्यसका कविहरूमाथि भालु झंटाइ गरी मालिकसामु दासताको बहादुरी देखाउँथे । यो विवेकहीन निरंकुश सामन्ती शासनको स्वाभाविक विशेषता नै हो ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

श्रृंगार रस या प्रेम रसको साहित्यिक प्रस्तुतिका आफ्ना मर्यादा हुन्छन् नै । संसारका अधिकांश साहित्य प्रेम रसले भरिएको कुरा घाम जत्तिकै छर्लंग छ । प्रेमका रुप अनेक हुन्छन् । स्रष्टाहरूले आफ्नो स्वभाव र चिन्तन अनुरुप त्यसलाई प्रस्तुत गर्दछन् । देशप्रेम, मानवताप्रतिको प्रेम, क्रान्ति प्रेम, शान्ति प्रेम, पुस्तक प्रेम, प्रकृति प्रेम, मित्र प्रेम, दाजुभाइ-दिदी-बहिनीको प्रेम, छोराछोरी प्रतिको अनुराग आदि आदि विविध प्रेमका रंगीन फूलवारीहरूमा मानवजीवनको खुसी फ्रस्फुटित हुन्छ ।

दधिरामज्यूले युवा उमेरमा मुक्त रूपमा श्रृंगारिक प्रेम, व्यक्त गर्नुभयो भने जीवनभरी विद्याप्रेम, विद्यार्थी प्रेम, देशप्रेमका साथै आफ्नो आस्थाको ईश्वरीय प्रेमका नदीहरू मात्र हैन सागर नै उराल्नु भयो ।

वहाँका ती युवाकालीन प्रेम भावका अभिव्यक्तिहरू श्रृंगार रसको प्रवाहमा बग्दै बग्दै कतै हराइसकेका थिए । ती कृतिहरू र अन्त्य कृतिहरूमा व्यक्त श्रृंगार भावहरू समेटी लघु पुस्तिका आकारमा दधिरामज्यूका पौत्र वासुदेव मरासिनीले छपाएर साहित्यिक क्षेत्रलाई नयाँ कोसेली प्रस्तुत गरेका छन् । यसले स्रष्टाहरूलाई एक पक्षवाट मात्र हेरेर मूल्याङ्कन गर्ने परम्परा तोडी बहुआयामिक ढंगले अध्ययन विश्लेषण गर्ने प्रवृत्ति अघि बढाउन सहयोग पुग्नेछ भन्ने मलाई विश्वास लागेको छ ।

**– मोदनाथ प्रश्रित**

२०७०।३।१०

वाणस्थली, काठमाडौं

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# प्रकाशकीय

काव्यको दृष्टिले रसहरू नौ प्रकारका हुन्छन् श्रृङ्गार, हास्य, अद्भुत, करुण, रौद्र, वीर, भयानक, बीभत्स र शान्त। कसै कसैले प्रेयस, वात्सल्य र भक्तिरसलाई पनि काव्यको अतिरिक्त रसमा लिएको पाइन्छ। यी रसहरूमध्ये श्रृङ्गार रसलाई पहिलो प्राथमिकतामा लिइएको छ। महाभारत, श्रीमद्भागवत एवं रामायण आदि पौराणिक साहित्यमा पनि श्रृङ्गार रसका कविताहरू पाइन्छन्। श्रीमद्भागवतमा त श्रृङ्गार रसको प्राचुर्यता नै छ। रस विनाको कविता साहित्य बन्न सक्दैन अर्थात् निरस हुन्छ त्यसैले काव्यानन्द नै रस हो। संस्कृतका आदिकवि कालिदासले कुमारसम्भव, मेघदूत आदि काव्यमा श्रृङ्गार रसको भरपूर प्रयो ग गरेका छन्। नेपाली भाषाका आदिकवि भानुभक्तदेखि लिएर लेखनाथ पौड् च्याल, महाकवि लक्ष्मीप्रसाद देवकोटा, राष्ट्रकवि माधव घिमिरे सबैले आआफ्ना काव्यहरूमा श्रृङ्गार रस प्रयोग गरेको पाइन्छ। महाकवि लक्ष्मीप्रसाद देवकोटाले त नौवटै रसमा कविताहरू लेखेका छन्।

महापण्डित दधिराम मरासिनीले आफ्नो युवावस्था (करीव २१२२ वर्ष) को उमेरमा रचेका श्रृङ्गारिक कविताहरू तत्कालीन साहित्यिक पत्रिका "कविता कल्पद्रुम" (वि.सं. १९६१) मा प्रकाशित भएका थिए। 'मदनोद्दिपिनी' शीर्षकमा २ सर्गमा रचित कवितालाई 'कविता कल्पद्रुम'ले गोर्खा भाषाको विचित्र काव्यको नाम दिएर प्रकाशित गरेको छ। साहित्यकार कमलमणि दीक्षितज्यूले सोही कविता र नेपालीय भाषा श्लोक संग्रहको 'सूर्यस्तव' लाई तुलनात्मक समीक्षा गरी कविको रसिकता र कवित्व शक्तिको प्रशंसा गरेका छन्। सोही लेखमा यिनै रसिक कविबाट 'नेपालीय भाषा श्लोक संग्रह' जस्तो भक्तिरसयुक्त कविता रचना भए होला भन्ने अनुमान गर्न गाह्रो भएको कुरा समेत व्यक्त गरेका छन्। कमलमणि दीक्षितले तुलनात्मक समीक्षा गरेको समीक्षा पनि प्रस्तुत गरिएको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

छ। महापण्डित दधिराम मरासिनी रसिकतामा अति रसिक र आध्यात्मिकतामा अत्यन्त गम्भीर, भक्तिरस प्रधान कवि भएको हुँदा वहाँका आध्यात्मिक कवितामा समेत श्रृङ्गाररस भरभूर रूपमा पाउन सकिन्छ। यस सानो संकलनमा 'कविता कल्पद्रुम' मा प्रकाशित श्रृङ्गाररस प्रधान रसिक कविताहरू र नेपालीय भाषा श्लोक संग्रहबाट उद्धृत श्रृङ्गारिक रसका कविताहरू प्रस्तुत गरिएको छ।

'कविता कल्पद्रुम' मा महापण्डित दधिराम मरासिनीका कविताहरू छापिएका छन् भन्ने विभिन्न लेखहरूबाट जानकारी पाइएता पनि हामीले ती कविताहरू पढ्नसुन्न पाएका थिएनौँ। मैले कविताहरू संकलन गर्ने उद्देश्यले पाटनढोकास्थित मदन पुरस्कार पुस्तकालयमा गएर दधिरामज्यूका कविता समेत छापिएको 'कविता कल्पद्रुम' खोजें। भाग्यले सो अङ्क पाउन सकियो र उतार गरी ल्याएँ र ती कविताहरू पढ्दा साँच्चै नै दधिराम मरासिनीको व्यक्तित्वमा अको आयाम थपिएको महसुस गरें र प्रकाशन गर्ने मनसायले बरिष्ठ साहित्यकारद्वय दाजु श्री मोदनाथ प्रश्रित एवं प्रा.डा. विष्णुराज आत्रेयलाई देखाएँ। उहाँहरूले दधिराम मरासिनीज्यूका अरु थप श्रृङ्गारिक कविताहरू समेत समावेश गरी प्रकाशन गर्न सुझाव दिनुभयो। सोही सुझाव अनुरूप नेपालीय भाषा श्लोक संग्रहमा रहेका श्रृङ्गारिक कविताहरू उद्धृत गरी यो सानो रूप दिइएको छ। यसमा अन्य केही अप्रकाशित फुटकर कविता समेत समाविष्ट छन्। यसबाट पाठक वर्गले महाकवि दधिराम मरासिनीद्वारा रचित यत्रतत्र छरिएर रहेका श्रृङ्गार रस प्रधान कविताहरूको एकै पटक रसास्वादन गर्ने मौका पाउनु हुनेछ भन्ने ठानेको छु। यो अमूल्य सुझावको लागि उहाँहरू दुवै प्रति आभार व्यक्त गर्न चाहन्छु।

२०७०।४।१२

वासुदेव मरासिनी

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

॥ श्रीः ॥

# मदनोद्दिपिनी

अलिनु हुन्छ अरू रसता सबै । जुनसुकै पनि काव्य रसै नभै ॥
गरि परिश्रम काव्य अलीकती । रसिकहो, सिक होस दिऊँ यती ॥ १ ॥

कति भनूँ मत दीक्क भइँगऊँ इ दुइकी त अचानुसरी भऊँ ॥
मसित ती इनका पति झोंकिन्या विहक माइत माइत धाउन्या ॥ २ ॥

वरिपरी सब मानिसले गरी । अघि भयेन कुरा पनि मन्परी ॥
गर कुरा तिमि मन्परि खूसिभै । अवत पातलि पातलिये सवै ॥ ३ ॥

किन निठूर भई गरछ्यौ कुरा । म विचराकन मारन बञ्चरा ॥
यतिगरी मनता भयदेखि साफ् । वखतिको खति को गरला हिसाप् ? ॥ ४ ॥

नजरमात्र भिडी कन रात् गयो । नत पियारि तिमीसित सङ्भयो ।
गरि चिवो भइ साथिहरू खुनी । सतलमा तलमाथि बसी पनी ॥ ५ ॥

रिस नराख पियारि तिमी ममा । विरह लाग्छ मलाइ त चित्तमा ॥
उदिनमा बजिनीसँग ठाक्ठुकी । हुनगई नगई म बस्याँ लुकी ॥ ६ ॥

विनति गर्छु नि माफ रहोस् भनी । नभन है तिमि ढाँट्नुभयो भनी ॥
किनिन सानुभयो फरिया भनी । उदिनता दिनता म दिन्यै छुनी ॥ ७ ॥

वसु म माइत मातपिताजिको । हुनगयो अब अब्जसको टिको ॥
झिकि सकी पनि सौतेनिले गिदी । घरमहाँ र महाँ पिरभो दिदी ॥ ८ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

चिनि छ पापिनिले तिमिलाइ ता। कसरिहै अति छक्क परयाँ मता।
भनिछ फर्कि तिमी तरफै पनी। सउतिनि उ तिनी पनी हुन्भनी॥ ९॥

दुइ कलश् सुनका तिमिले भरे। मकन दान् गरिदिन्छु भन्यौ अरे॥
अति खुसीभइ आइरह्या छु है। सुनि मता निमता नगई कतै॥ १०॥

हुनुभयो म उपर्विखुसी भनी। सँगिनिका मुखदेखि कुरा सुनी॥
बहुत खल्वल पर्न गयो र मन्। मलिनुभो लिनुभो अवता शरन्॥ ११॥

अलक छन् भँमरा झइँ साँवला। मुख कमल्सरि भन्न सकीयला॥
बहुत सानु रहेछनि कम्मरै। नपनिमा पनि मालुम छैन क्यै॥ १२॥

नयन नीलकमल्सरि नानिका। अलक श्यामल खूप घना निका॥
भरिनसक्नु छहै कुचका कुरा। अति उचा ति उचालि पछेउरा॥ १३॥

गमनले गरि हाँस जिती दिईन्। वदनले पनि चन्द्रसरी भइन्॥
सब कुरा इनि लाइछ मन्परी। वचन कोइलिको इ लिईन् हरी॥ १४॥

सकल त्याग्गरि बस्नुकि वन्महाँ। तरुणिका कित लेटनु काख्महाँ॥
दुइ कुराकन स्वर्गसरी भनी। भजन हेजन हेरि उमेर्पनी॥ १५॥

बहुत सुन्दर लाग्छ पियारिको। मुख कमल् चउपट्ट सुहायको॥
अरु कुरा म बयान कती गरुँ। कमलले मललेप गरोस् बरू॥ १६॥

मन उडी चलिजान्छ तिमीमहाँ। दिनहुँ रुन्छु म छाति पिटी ञहाँ॥
किन यसोरि पियारि निठुर्भयौ। म विचरा विचराखि कता गयौ॥ १७॥

थर मरासिनि नाम् दधिरामहो। विनति गर्दछु सज्जन लाइ यो॥
पढि बुझाइ दिनोस् कविता सवै। सकललाइ ललाइ फकाइ है॥ १८॥

**इति दधिराम मरासिनी विरचिता मदनोद्दिपिनी (प्रथमसर्गः) समाप्ता।**


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

लाई बसन्ति रङका फरिया सयल्मा ।
निस्क्या सबै सङिनि साथ लिई सहर्मा ॥
आँप्का फुलै उपर कोइलि बोल्न लाग्यो ।
आयो बसन्त तिलका बनमा फुलायो ॥ १ ॥

प्यारी कछू नगर देरी हऊ तयारी ।
जाऊँ सयल् गरन नक्कल धेर पारी ॥
यस्ता बसन्त ऋतुका दिनमा तिमीले ।
पाऊलि फेरि मसँगै त सयल् कहीले ॥ २ ॥

मसीना तवर्ले बहन्छन् पसीना ।
असीना पनी पोल्दछन् हे सङीना ॥
बसी नामलिन्छू म हर्दम् पतीको ।
पतीको सङीनी विचार्ला गतीको ॥ ३ ॥

विन्ती गरेर अति पाउ परेर रुन्ती ।
बिन्ती नराखि इ कुरा परदेश छन्ती ॥
भन्ती भनेर सङिनी भनि देउ वीन्ती ।
दिन्तीन बाँच्नुछ कठिन्नफिरया तुरुन्ती ॥ ४ ॥

साथी पनी छइन एकलि छन् बरा ती ।
रातीमहाँ रुँदि हुनिन्ती पिटेर छाती ॥
खातीर लाग्दछ अती हुनगो नजाती ।
भाँती अनेक् गरि छलेर हिंड्याँ ममाती ॥ ५ ॥

गरीप्का उपर् मर्म नारी निठ्ठुरिया ।
हजुर्का कती मन्सुवा लौ पुरीया ॥
न दीया पनी हुन्छ सीम्रिक् पुरिया ।
मता वेस्गरी यस्गुनैले पुरीञाँ ॥ ६ ॥
मम् दिस्गरी भ्रोंक्ले ती सुन्याकी ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

अती दीक् भई बोल्न मन्सुप् भयाकी ॥
जसै छातिमा हात मेरो ति देखिन् ।
झसक्कै भयाँ भन्दई झट्ट बोलीन् ॥ ७ ॥

लूगा फेर्दा छाँट भिन्नैछ तिम्रो ।
गाजल् टीको लाउँछ्यौ खूप राम्रो ॥
कूरो बाङ्गो देखि सोझो छईन ।
चाल्ता तिम्रो शालि नीको छईन ॥ ८ ॥

आयो शव्द ठुलो गरेर अहिले वादल् तमासा गरी ।
पानी पर्न तयार्भयो बिजुलि खुप् चम्कन्छ चम् चम् गरी ॥
च्याऊँ च्याउँ गरी चरा रुखमहाँ बोल्छन् मधुर्स्वर्गरी ।
हा प्यारी ! मत रुन्छु यस्बखतमा सुर्ता मनैमा परी ॥ ९ ॥

मासू असल्गरि बनाउछु है मसाला ।
ल्याऊ तिमी सहर गै घिउ तेल् मसाला ॥
तिम्री दिदी सँगत पक्कु बना भनौंला ।
राम्रैगरी यति भया दशईं मनौंला ॥ १० ॥

नकल् झकल खुप् गरी गमन हंसका चालले ।
नटेरिकन हिंड्दछ्यौ किन यसोरि है तीमिले ॥
मका यति बचन् सुनी फसि गइन् प्रिया लाजले ।
फसाइ मकनै दिइन् मदन बाणका जाललें ॥ ११ ॥

गर्छू भन्थ्यौ तिमीलेता तिमी लेता जसो पनी ॥
देख्छू उस्तै तिमीलाई तिमीलाई दिंदा पनी ॥ १२ ॥
सुरुसुरु सडक्महाँ पियारि हिंड्दथिन् जहाँ ।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पछीपछी गई मता सवै विचार्गर्‍याँ तहाँ ॥
गमन् दुरुस्त हंसको नयन् पनी हरीणिको ।
कटी दुरुस्त सिंहको टिको निधारमा निको ॥ १३ ॥

लरक्क कोरि केशमा भरी छ फुल् चमेलिको ।
बयान् गरी सकिन्न त्यो मुहारता पहेंलिको ॥
अलीअली अधर्महाँ बुझिन्छ लालि पानको ।
मुसुक्क हाँसदामहाँ दगुड्छ मन् तपस्विको ॥ १४ ॥

फरक्क फर्कि एक् वखत् पुलुक्क हेरि मुख्महाँ ।
मुसुक्क हाँसि सुन्दरी दुरुस्त पार्दथीन् तहाँ ॥
वरीपरी नजर्दिआ थियेन क्वै पनी तहाँ ।
नगिच् गई पियारिका कुरा कछू गर्‍या वहाँ ॥ १५ ॥

झलक्कती सुन्दरिका मुखैमा ।
नजपरिथ्यो हिंडदा सडक्मा ॥
मनै समेत् ली गइछन् तिनीले ।
बिर्स्यां सवै बात् तव पो मईले ॥ १६ ॥

सय करन् अरु दुःख निधार्भरी ।
खुसि छु लेख विधे ! तिमि मन् परी ॥
विरसिला इ कुरा रसका भन ।
भनिन लेखन लेख न लेखन ॥ १७ ॥

**इति दधिराम मरासिनी विरचिता मदनोद्दिपिनी (द्वितीयसर्गः) समाप्त**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# वैराग्यविलास

महापण्डित दधिराम मरासिनीद्वारा रचित भक्तिकाव्य 'वैराग्यविलास' मा वैराग्य जस्तो विषयमा समेत मानिसलाई श्रृङ्गारिक रसबाट सम्झाउने प्रयास ज्यादै कुशलतापूर्वक गर्नुभएको छ। वैराग्यभित्र श्रृङ्गार रस हुनु एउटा चमत्कारपूर्ण साहित्यिकप्रयोग मान्न सकिन्छ। यस वैराग्य विलासबाट १०, १२, १३, १५, १६, ४० र ४१ श्लोकहरू उद्धृत गरिएको छ।

स्त्री हुन् अग्निसरी धुवाँसरि छ केश् ज्वाला छ खूप् रूपको
हाव्भाव् आदि विलास हास सब ई काम् गर्दछन् रापको।
तिन्का चित्र चरित्र धेर समिधा कन्दर्प हावा चली
ऊडी पर्छ पुरूषरूप पुतली त्यो हुन्छ भस्मै जली ॥ १० ॥

नारी हुन् मदमोहरूपि वनका रीतू वसन्तै सरी
जप्तप् धर्म नियम् तलाउ उसको जल् सोष्न ग्रीष्मैसरी।
काम् क्रोधादि इ भ्याउता युवतिजन् वर्षा ति हर्षाउने
ती हुन् फेरि कुवासना कुमुदका बन्को शरद् बूझने ॥ १२ ॥

जो छन् धर्महरू सबै कमल हुन् हेमन्त नारी भई
जौको खेत् ममता ऋतू शिशिर झैं नारी बुझें मन् दिई।
पाप् हो ऊलुक नारि हुन् सुख दिन्या रात्री अँधेरी सरी
बुद्धी बल् गुण सत्य शील मछली नारी त बल्छी सरी ॥ १३ ॥

स्त्रीसङ्गको सुक्ख बताउँ कस्तो,
कन्याउँदा हुन्छ दिनाइ जस्तो।
आनन्द लाग्न्या पहिल्यै पछी ता,
कही नशक्नू हुनजान्छ गोता ॥ १५ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नारीहरूको भनुँ बोलि कस्तो,
मानूँ छ अंम्रीत मिलाय जस्तो।
मन्को बयान् गर्न शकिन्न उस्तो,
विषै पनी छैन बताउँ कस्तो॥ १६॥

मिश्री खूप चपाइयो, चिनि पनी फँक्क्याइयो बेस् गरी
खावा खूप्सँग खाइयो, अरु मिठा चीज् चाखियो चाख् गरी।
सब्थोक्को अनुभव् भयो, तर हरीज्यूका त नाऊँमहाँ
जिभ्रालाइ मिल्यो जउन् रस, उ रस् मिल्थ्यो अरूमा कहाँ॥ ४०॥

खीर् खाइस्, चिनि मिश्रि दाखहरुको रस्को अनूभव् गरिस्
स्वर्गै गै कति अंमृतै पनि पिइस्, रंभाधरै खूप् चुसिस्।
साँचै भन् तँ न ढाँटि, यो भवमहाँ हे जीव ! मेरा घुमिस्
नाऊँमा हरिका जउन् रस मिल्यो, त्यो रस् कहीं पाइथिस् ?॥ ४१॥

## श्रीकृष्णश्रीविग्रहवर्णनविलासः

यस काव्यमा महापण्डित दधिराम मरासिनीले श्रीकृष्णजीको दिव्य-विग्रह वर्णन अत्यन्त मनोहर आलङ्कारिक शैलीमा गर्नुभएको छ। सोही काव्यका श्लोक २८ देखि ५३ सम्मका श्लोकहरू यहाँ प्रस्तुत गरिएको छ।

फेर् सोद्धछन् ति, हरिको भन रूप कस्तो ?
तेज् कोटि सूर्यसरि शीतल चन्द्रजस्तो।
कुन् वर्ण ? श्याम नवमेघसरी शरीर्को
मिल्न्या छ कान्ति अझ आलसका त फुल्को॥ २८॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पाऊ बताउनुहवस् भगवान् हरीका
जान्नू दुरुस्त दुइ लाल कमल् फुल्याका ।
भौंरासरी मन गरी तहिं छाडिदीनू
आनन्दरस् चुहिरहन्छ लुटेर प्यूनू ॥ २९ ॥

पाऊविषे प्रभुजिका कुन चिन्ह हुन्छन् ?
वज्राङ्कुश ध्वज सरोरुह आदि धेर् छन् ।
कस्ता हुनन् नखहरू हरिका बताऊ ?
ऐना हुनन्कि ? भनि ठान्छु मणीजडाऊ ॥ ३० ॥

ती पाउका सकल अङ्गुलि छन् नि कस्ता ?
रातो कमल् फुलिशक्या पछि पत्रजस्ता ।
यस्तो चरण्कमल चिन्तन गर्नु मन्मा
राख्नू निधार घरिचार् नउठाइ तेस्मा ॥ ३१ ॥

जुन् पाउकी नखकि ज्योति मुनीहरूको
नाश् गर्दछे सहजमा हृदयान्धकार्को ।
जुन् पाउ धोइ जल बग्दछ तेसलाई
धार्छन् सदा शिवजिले शिरमा रमाई ॥ ३२ ॥

कस्ता हुनन् चरणका तिनि गोलिगाँठा ?
सुन्दर् बहुत् हरन पाप बहूत बाठा ।
तिघ्रा कउन् तरहका हरिका बताऊ ?
शूँड् हात्तिको यकबखत् तिमि हेर्नजाऊ ॥ ३३ ॥

खम्रो छ शूँड ? इनि ता बहुतै नरम् छन्
फुम्रो छ शूँड ? इनि ता अति तेजिला छन् ।
खाली छ शूँड ? इनिलाई त लक्ष्मिजीले
गर्छिन् निरन्तर त चाकरि बाहुलीले ॥ ३४ ॥

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

ऊरू वताउँनु भयेन हुनन् ति कस्ता ?
को शक्छ, शक्तिन सुन्यौ म त भन्न यस्ता।
नीलो कमल् सदृश कान्ति छ पुष्ट खूप् छन्
पीताम्बरै तहिं हुँदा मन चोरि लिन्छन् ॥ ३५ ॥

शोभा कउन् तरहको छ नितम्ब भाग्को ?
साह्रै छ सुन्दर चिटिक्क कुँद्यैसरीको।
सुन्को छ सिक्रि तहिं कन्दनि बाँधियाको
पीताम्बरै उपर सुन्दर लड्कियाको ॥ ३६ ॥

कस्तो कटी छ ? सुन भन्दछु बेस् बन्याको
ठीक् सिंहकोसरि चिटिक्क परी छिन्याको
नाभी गँभीर यमुनाभवँरी सरीको
राम्रो अती उदरमा त्रिबली पऱ्याको ॥ ३७ ॥

शोभायमान् त्रिबलिमाथि छ रोमराजी
जुन् सम्झदा मन अती हुनजान्छ राजी।
सोद्धै न सोधि दुइ तीन कुरा बताई
मन् खुश् गराइ दिनुभो अहिले मलाई ॥ ३८ ॥

वक्षःस्थलै अब बताउनुहोस् छ कस्तो ?
शक्तीन भन्न उपमा मनदेखि उस्तो।
बस्छिन् निरन्तर रहीकन लक्ष्मि ताहीं
श्रीवत्स फेर् भृगुलता कहिशक्नु नाहीं ॥ ३९ ॥

छाती फराक छ कपाटसरी हरीको
पाऊँछ पार वरणन् यसरी गरीको ?
ब्रह्मा महेश्वर षडानन सेखि हारे
वेद्ले पनी नशकि आफनु सेखि झारे ॥ ४० ॥

बाहु कउन् हबलका कदि छन् प्रभुका ?

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

चार् शेषनागसरि पुष्ट अती बन्याका ।
छन् शंख चक्र र गदा पदमै रह्याका
ती चार बाहुलिविषे भगवानज्यूका ॥ ४१ ॥

श्रीनाथको अब बताउन ? कण्ठ कस्तो
नक्सा बताउँछु, तिमी बुझ शंखजस्तो ।
जस्मा त कौस्तुभमणी छ विराजमान
आफै छ सुन्दर अती मणिले नजान ॥ ४२ ॥

शोभायमान वनमाल छ कण्ठमाहाँ
छन् गन्धलोभि भवँराहरु नित्य जाहाँ ।
त्यो कण्ठदेखि लटकीकन पुग्छ फेरी
जानूस मन् बहुत खुश् मन हुन्छ हेरी ॥ ४३ ॥

च्यूँडो छ कुन् तरहको ? बहुतै बन्याको
पाप् हर्न भक्त जनको रचना गऱ्याको ।
कस्तो छ त्यो अधर ? पल्लव भैं भनौं की ?
गोल्काँक्रिको फल भनौं अथवा मुगा की ? ॥ ४४ ॥

कुन् छाँट् छ दन्तहरुको ? कछु अन्त छैन
दाडीमको बिज भन्या फरकै परैन ।
मोती भनौं कि ? अथवा म त भन्छु, सारा
आकाश छोडिकन आइ बसे कि ? तारा ॥ ४५ ॥

शोभा छ कुन् तरहको भन नासिकाको ?
ढाँचा कछू बुझिलिनू तिलका फुलैको ।
तेस्का अगाडितिरको गजमोतिलाई
देखेपछी मन उँहीं भुलिजान्छ भाई ! ॥ ४६ ॥
गाला बयान गरि कुन् कवि पार जाला


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नालायकै मणिजडित् अइना त होला ।
कस्ता नयन् गर बयान् ? कसरी गरू र
शेष्को चलेन गति, हूँ म त कुन् कवी र ॥ ४७ ॥

माछा भनूँ कि ? दुइ लाल कमल् भनूँ वा
यस्तै त भन्दिन म गर्दछु खालि सेवा ।
चल्छन् कटाक्ष कसरी ? लहरी सरीका
इच्छा पुऱ्याउँन सिपालु ति भक्तजन्का ॥ ४८ ॥

ऐश्वर्य कुन् ? तिनि कटाक्ष परेर मिल्न्या
त्रैलोक्यराज्य जिमिदारिसरी नगन्न्या ।
केचाल् छ सुन्दछु म ता अब आँखिभूँको ?
सर्लक्क छन् छ धनुको परिपाटि तिन्को ॥ ४९ ॥

यौटै पनी अलिं अली पनि टेढियामा
ब्रह्माण्ड भस्म हुनशक्तछ छिन्घरीमा ।
भन्नूहवस् अब ललाट म सुन्न पाऊँ ?
चल्दैन तागत कछू कसरी बताऊँ ॥ ५० ॥

टल्कन्छ कोटि रविका सरि तेज भारी
वर्णन् गरीकन कउन् कवि जान्छ पारी ?
ठाडा, ललाटविच केशर चन्दनैको
रेखा दुई बिच त बिन्दु छ कस्तुरीको ॥ ५१ ॥

शोभा तहाँ मुकुटका मणि लड्कनाले
साह्रै गराउँछ, अझै घुँघुँरै अलक्ले ।
सामान्यले मुख बताउनुहोस् छ कस्तो ?
भन्छू यथामति कमल् पनि हुन्न उस्तो ॥ ५२ ॥
भौंरा बसे अकलको कछु कान्तिदेला

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

क्याले भनौं नयनको त विलास होला ।
एक् चन्द्रको त उपमा पर राख् भाइ !
पुग्दैन कोटि विधुले मुखकान्तिलाई ॥ ५३ ॥

## श्रीकृष्णाद्भुतचरित्रम्

मायाको बेशमा परेका नारदजीबाट द्वारकामा भएका श्रीकृष्णजीको तमाशा हेर्न गएका र १६ हजार एकसय आठ रानीको चित्त हरिले कसरी बुझाउँछन् भनी बुझ्न गएका नारदजीले देखेको द्वारकाधीशको वर्णन अत्यन्त रमणीय श्रृङ्गार रसमा प्रस्तुत गरिएका ११, १२, १३, १५, १७ देखि २६ सम्मका श्लोकहरू उद्धृत गरिएको छ ।

सुन्कै मात्र छ कार्खना विचविचै पत्थर् सरी छन् मणी
ठाऊँ ठाउँ छ सिंहमर्मरसडक् छन् नील्मणीका सिंढी ॥
सप्फा सम्थर भै दुवैतरफमा नाला बन्याका हुँदा
कत्ती छैन कसेर गल्लिबिचमा टिक्दैन पानीबुँदा ॥ ११ ॥

मणीकै छन् सब्थाम् विच विच झलक् पर्छ सुनको
अनेक् सिंहासन् छन् मखमल छ तन्ना कसियको ।
सफा रेशम्का झुल् वरिपरि छ खुप् खुस्बुचलन्या
दलान् यस्ता लाखौं जहिं तहिं त छन् चित्तहरन्या ॥ १२ ॥

परी धेरै भ्याल्मा बसिकन नयन्ले वरिपरी
बराबरर्हेर्नाले मणिमयमहल्मा घरिघरी ।
दिनैमा चाखूरा अति खुशिहुन्या चन्द्रसमझी
चखेवा खूप् रुन्छन् विरह हुनगै रात्रि समझी ॥ १३ ॥
स्फटीकको खम्बमहाँ पऱ्याको
आफ्नै स्वरूप् वैरिभनी बुझ्याको ।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

पक्रन्छु भन्दा भइगो दुखालो
लागेर ठक्कर् विचरा बिरालो ॥ १५ ॥

कोठामहाँ क्वै युवती स्फटिक्को
भित्तामहाँ आफ्नु स्वरूप् पऱ्याको ।
सौता भनी स्वामिसितै रिसानी
गरी पछी ता अति लाज मानी ॥ १७ ॥

ठाडो गराई कन घाँटि सब्ले
बनोट वानर्कन गाउँल्याले ।
भन्छन् मकै खाईसकेर हाम्रो
हुन्छस् यहाँ आइ बडो तँ राम्रो ॥ १८ ॥

राता मणीले त जडित् भयाको
भ्याल्देखि घाम्को किरणै पऱ्याको ।
आगो भनी ठानि नऱ्या बुहारी
बोलाउँछे खूपगरी गुहारी ॥ १९ ॥

बीच्बीच्मा छन् बगैंचा किसिम किसिमका
फुल्हरू छन् फुल्याका
भौंरा रस् खाइ माती घुनुनु घुनु गरी
सब्तरफ छन् झुल्याका

राता सेता पहेंला बसि झुँडिविचमा
बास्दछन् खुप् चिडीया
ढुक्कुन्यौंला हलेसाहरु अरु मुनिऱ्या
बोलि साह्रै बढीया ॥ २० ॥
भौंरा धेरै फूलमा जानलाई
भूँभूँ गर्दै ढाकि आकाशलाई ।

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

उड्दाखेरी मेघको गर्जठानी
नाच्छन् मञ्जूर्खूप्गरी हर्ष मानी ॥ २१ ॥

टाढैदेखी देखि खासा चमेली
उड्न्या भौंराबीचमा फेरि बेली ।
देखी ताँहीं बस्छ त्यो लोभि रस्को
लोभी चाक्री गर्न जाँदैन कस्को ? ॥ २२ ॥

खासा खासा फुल्हरू छन् फुल्याका
कोमल्कोमल् पालुवा लड्कियाका ।
ऊँचाऊँचा वृक्ष धेरै तँहीं छन्
कालाकाला कोइली बोलि बोल्छन् ॥ २३ ॥

क्रीडाखातिर् फूलबिच्छ्याइयाका
गूफा धेरै छन् लताका बन्याका ।
शीतल् छिड्का उड्छ जस्को नजीक्मा
फोहोराले पानि छिर्काउँदामा ॥ २४ ॥

साह्रै सप्फा छन् सडक् खास् स्फटिक्का
छेकावार्छन् द्वीतरफ् हात्भरीका ।
तेस्कासाथै जोरियांभैं भयाको
पङ्क्ती राम्रो कत्रियाका लताको ॥ २५ ॥

मूर्ति राम्रा पत्थरैका बन्याका
नारीका छन् कोहि कोही पुरुष्का ।
पर्दा केही खोलियाको हुनाले
जस्मा टेढा हेर्दछन् नारिजन्ले ॥ २६ ॥

**श्रीकृष्णद्भुतचरित्रम्, तृतीय सर्ग**


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

द्वारकाधीशद्वारा ब्राह्मण भोजनको प्रसङ्गमा लेखिएका ८, १६, १७, २५ श्लोकहरू प्रस्तुत गरिएको छ।

पूरी स्वारि कचौरि वर्फि जिलवी झर् लड्डु पेडा अनी
सेल् जुम्ली अरसा कसार बुँदिया अर्सा अनर्सा फिनी।
खीर् भूजा तरकार्यचार अनि दाल् खावा कुरौनी दही
घ्यू चीनी चटनी सिकर्नि बढिया माल्भोगकेरा कहीं॥ ८॥

शृङ्गार्का जति भाग छन् ति सबमा पूराभयाका हुँदा
हाव् भाव्ले र कटाक्षले पुरुषको मन हर्दिन्या सर्वदा।
फूल्याका कमलैसरी बदनमा भौंरा सरीका अलक्
लड्क्याका युवती अनेकसँग छन् दिन्छन् प्रभूमा पलक्॥ १६॥

तिन्का बीचमहाँ बसेर भगवान् मीठा कुरा गर्दछन्
जान्याका भइ कामशास्त्र तिनको सेखी सहज् हर्दछन्।
येही रीत गरी तलाउबिचमा क्रीडा जलैको गरी
खेल्न्या श्रीहरिलाइ नारदजिले देख्या र फर्क्या कहीं॥ १७॥

मुख् पूर्णचन्द्रसरि, केश बहूत काला
ऐनाझईं टलकन्या जसको छ गाला।
केही द्वितीयवयको नकसा चढ्याका
रङ् रूप शील अति बेस ठुला कुलैका॥ २५॥

## श्रीकृष्णाद्भुतचरित्रम् (वसन्त ऋतु वर्णन) चतुर्थ सर्ग

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

यस सर्गमा १ देखि २९ सम्मका श्लोक उद्धृत गरिएको छ।

ऋतु वसन्त थियो फुलबारिमा
लिइ पियारि अती तहिं साथमा।
बसि लतागृहका बिचमा हरि
गरदथ्या इ कुरा मन खुश् गरी॥ १॥

अरु विचार सिचार् सब त्याग्गरी
सुन तिमी बहुतै मन खुश् गरी।
अब म गर्छु वसन्त बयान् पुरा
सुनि रहूँ कि भन्याझइँ छन् कुरा॥ २॥

सुन पियारि ! वसन्त ऋतू छ यो
सकल बन् अति सुन्दर भै गयो।
घर तरफ् परदेशिहरू फिऱ्या
हिउँचुलीतिर मालचरा गया॥ ३॥

जहिं तहीं सब फूलहरू फुल्या
फुलउपर् भँवराहरु खूप् झुल्या।
रुखमहाँ पनि बेस्गरि पालुवा
वरिपरी अति कोमल लड्किया॥ ४॥

महकन्या सिरिखण्ड सुगन्ध ली
मलयपर्बतदेखि हवा चली।
युवतिलाइ पती परदेश् हुन्या
विरहका रहका बिच पार्दिन्या॥ ५॥
बगइँचातिर आँप् मजुराउन्या
अति मधुर् भवँराहरु घुन्कन्या।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विरहिको सुनि त्यो मुटु झन्कन्या
मदनका दनका जिउमा हुन्या ॥ ६ ॥

वन सबै रमणीय भई गया
फुल फुलेर गुराँस् अति लाल् भया ।
सुर गर्‍या अब गूँड बनाउन
सबचरा बचराकन पारन ॥ ७ ॥

अब त पर्वतका बनमा गया
जउन जन् तिनिले त मजा लिया ।
अति सुगन्ध हुन्या फुल ताहिं छन्
बहुत काफलका फल खान छन् ॥ ८ ॥

भ्रमर भन्दछ की बनमा झुली
गुण लिंदा सब देखि अली अली ।
प्रिय हुन्या छ मझैं तिमिले पनी
रसिकहो ! सिक होस गरी भनी ॥ ९ ॥

लहर भै भँवरा उडदाख्यरी
नजिकमा परि आँपकि मंजरी ।
मदनले धनु ताँदु खिच्याझईं
विरहिलाइ दुरुस्त भई गई ॥ १० ॥

धनिहरू सब देश विदेशको
चलनचालन छाडि जहानको ।
सँग नछाडि बराबर घघरै
बसि गर्‍या सब उत्सव उत्तमै ॥ ११ ॥

चलन छाडि मधेस र फाँटको
अब गरे सब बास् पनि रोपिनको ।

CC-0. Nepal Sanskrit Academy Kathmandu Collection

बहुत पर्वतमा सुख भैगयो
किनभने हिंउको डर गै गयो ॥ १२ ॥

मुटु कलेज झिकीकन रीसले
फिंजिदियाझँइ बन् भरि कामले ।
विरहिको मन झीर्ण गराउन्या
बहुत लाल पलाशहरू फुल्या ॥ १३ ॥

कमल फुल्न तयार् भइ कोपिलो
भइगयो जब बेस्करिनै ठुलो ।
युवतिको कुचझैं हुन पाउँदा
फुलि गयेछ म ठान्दछु हस्कँदा ॥ १४ ॥

जब विहान्पख आँपमहाँ झुली
मधुर बोल्छ कुहूँ गरि कोइली ।
बश भई मन योगि भये पनी
स्थिर नभै उडि जान्छ कसै पनी ॥ १५ ॥

पर रहुन् इनि आँपहरू इनी
विरहिलाइ त लौ अँसुरै पनी ।
फुल दुरुस्त मुखैझँइ सिंहको
गरि त साहस गर्दछ टोक्नको ॥ १६ ॥

शिखरमा त झपक्क पलायको
रुखमहाँ बसि बेस फलाँटको ।
करूण सोर् गरि न्याउलि बासँदा
मन उराठ हुन्या प्रिय सम्झिँदा ॥ १७ ॥
वरिपरी चढि बेस्करि पालुवा
जब अशोक्हरू रातइ देखिया ।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

विरहीलाइ त शोक् परिगो तसै
फुलिसक्यापछि बाँच्तइनन् कसै ॥ १८ ॥

जुनकि रातमहाँ खिलि चाँदनी
कति भनूँ रमणीय भयो भनी ।
बसिरहूँ अब बाहिरनै सधैं
भनि खुशी रहने मन ता खुपै ॥ १९ ॥

पवन शीतल मन्द सुगन्ध ली
फुललता लचकाइ दिई चली ।
विरहिको चिरिदिन्छ नि बञ्चरा
सरि भयेर गराइ झराझरा ॥ २० ॥

पिपलका रुखको त छहारिमा
दुइ जना परदेशि बसीकना ।
घर पनी अब पुग्न भयो कठिन्
मदनले यहिं मार्छ कि भन्दछन् ॥ २१ ॥

गूराँस् फुल्यो बनमहाँ मनमा सबैको
सन्ताप् बढ्यो दिनदिनै प्रिय देश् हुन्याको ।
उत्सव् बढ्यो घरघरै प्रिय साथ् हुन्याको
आयो वसन्त तिलका बनमा फुल्याको ॥ २२ ॥

नास्पाति आरुहरु फुल्दछ गाँउँमाहाँ
क्कैराल साकिनु मिहाल् बनबीचमाहाँ ।
पाके जहीं तहिं गया पनि मिल्छ खानू
ऐंसेलु काफल तिजूहरु क्या बखाँनू ॥ २३ ॥
पैल्ह्यै थियो वनमहाँ सबको त झुत्रो
ऐल्हे त हेर ढकमल्ल फुलेर, चुत्रो

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

मन् हर्दिन्या भइ गयो सबको, सुगन्ध
तेस्कै चल्यो सकल बन् भरि मङ्ग मङ्ग ॥ २४ ॥

जाई गुलाफ गुनकेशरि जूइ बेली
फूल्बारिमा फुलि गयो अति बेस्चमेली ।
खुस्वी चल्यो र सबको रमणीय भैगो
सन्ताप् पनी सब छुटी मन दङ्ग भैगो ॥ २५ ॥

प्यूँछन् मही अति असल् घरमा बस्यामा
खान्छन् ति काफल तिजू बनमा गयामा ।
ठण्डा छ पानि अति बेस् छहरा नदीको
ऐल्हे छ मोज् बहुत पर्वतियाहरूको ॥ २६ ॥

यस्काल्मा सब ठाउँ वृक्ष लहरा पात् फेरि राम्रा भया
फुल् फूल्या बनमा अनेक् तरहका घुन्केर भौंरा गया ।
शीत् पर्दैन हुँदैन ठंडि बहुतै घाम्ले मजा खूप् दिया
हावा मन्द चल्यो गल्यो हिंउँ पनी प्राणी सबै खुश् भया ॥ २७ ॥

ज्यामीर् कागति सुन्तला र निवुवा चाक्सी विमीरा अरू
फुल्छन् बेस सुगन्ध चल्छ तिनको भौंरा र मौरीहरू ।
घुन्कन्छन् रस प्यूँदछन् सकलको मन् हर्दिन्या रीतले ।
हावा उड्छ सुगन्ध शीतल कणा जल्को लिई बेगले ॥ २८ ॥

काब्राको छ बयान् अचार अति फेर क्वैरालका फूलको
सीप्लीकान् तरकारिमा अति बयान् साह्रै मिठो खानको ।
काफल्को रस नुन् जिरा पिंधि मरीच् राखी असल् प्यूँनको
भोजन्को छ वसन्तमा अति बयान् क्या बात गोर्खालिको ॥ २९ ॥

## विष्णुमानसपूजा

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

नेपाली भान्सा र स्वादअनुसारका व्यञ्जनहरू मानसिक रूपमा तयार गरी श्री भगवान् विष्णुलाई चढाउने प्रसङ्गमा श्रृङ्गारिक रसमा वर्णन गरिएका १७, १८, १९ श्लोकहरू

भिन्ना चाँवलको भुजा अति अवल् घ्यूमा पकाई वरी
साम्नेमा छ तयार, दाल् रहरको मुङ्को र मास्को गरी।
तीन् थर् छन् तरकारिमा छ परबर् पैल्हा, अरूथोक् पनी
आलू साग्हरु छन् अनेक्तरहका साह्रै मिठा छन् इनी ॥ १७ ॥

जीरा मिर्च लवण् खटाइ धरी खुप् तर्कीप् गरी तेल् भरी
पोह्रैदेखि घडाभरी इनि अचार् नानाकिसींका गरी।
राखेको म थिज्ने हरे ! हजुरमा अैल्हे चढाईदिज्ञा
इन्को रस् लिइबक्सियोस् यदुपते ! राखी ममाथी दया ॥ १८ ॥

घ्यू चीनी चटनी शिकर्नि छ यहाँ खावा कुरौनी भया
खासा यो लहरे दही छ भगवन् ! संपूर्ण अर्पण् गर्‍याँ।
पूरी स्वारि कचौरी बर्फि जिलबी झर् लड्डु पेडा इनी
सेल् जुम्ली अरसा कसार बुदिया अर्सा अनर्सा फिनी ॥ १९ ॥

## फुटकर कविताहरू

### (क) तमाखु महिमा

महापण्डित दधिरामज्यूले समयसमयमा हास्यव्यङ्ग्यका कविताहरू लेख्ने र सुनाउने गर्नुहुन्थ्यो रे। त्यस्ता व्यङ्ग्यात्मक कविताका पाण्डुलिपि छैनन्। गाउँ घरमा दधिरामज्यूले बनाउनु भएको कविता भनी कण्ठस्थ सुन्ने कविताका केही अंश जनश्रुतिबाट उद्धृत गरिएको छ। भनिन्छ, तमाखु महिमा पनि १२।१५ श्लोकको थियो। त्यसमध्ये एउटा श्लोकमात्र पाइएकोले यहाँ प्रस्तुत गरिएको छ।

"हुँक्का हो हरिको सुमेरु शिवको नली त विष्णुजीको
पातो पार्वतीको तमाखु तमीको चिलिम् चतुर्भुजको

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हुँक्का भन्छ गुडुर्गुडुर् जब तहाँ चिलिम भन्छ चियाँ
पातो भन्छ चिलिमका पीठ बसी मानिसमा रस दियाँ
....पन्थीबाजे लोते काट्दैनौ बाँसको सोते ?।"

(ख) **पाणिनि तपोभूमि महिमा**

महापण्डित दधिरामज्यूकै पुत्र पं. धनञ्जयज्यूको भनाइ अनुसार "पाणिनि तपोभूमि महिमा" एक खण्डकाव्यको रूपमा थियो । प्रस्तुत कविताको प्रकृति हेर्दा पाणिनि तपोभूमिको वर्णन मात्र शुरु गरेको प्रस्तुत कविताबाट देखिन्छ। दधिराम जस्ता विद्वान् महाकविले त्यति मात्र लेख्नु भएन अरु बर्णन पनि अवश्य गर्नुभएको थियो भन्ने कविताको अंशले नै बोलि रहेको छ। अव्यवस्थित रूपमा रहँदा धमिरा, किराले खाएको अंश मात्र फेला परेको रहेछ। त्यस्तो अवस्थाको बुझिने अंश मात्र प्रस्तुत गरिएको छ।

"महाभारतको त काख परन्या गुल्मी इलाका भई
दाङ्वा बेंसी सवारी उप्परमहाँ गाउँ,ञ विचैमा रही
भारी जङ्गलका शिखर् उपरमा मानो तपोवन् सरी
त्यस्का काखमहाँ तलाउ बढिया निर्मल् छ त्यो जल् पनि ॥
रुख्रुख्मा बहुतै छ फूल फुलन्या शङ्करजीका केश झैं
पत्थर्मा हरिया बलाँत सरीका शोभा भयाको अझै
बाघ्भालूहरु डुल्दछन् त वनमा मृगादि घुम्छन् अरु
शोभा त्यो बनको बहूत रसिलो धेरै वयान् क्या गरुँ ॥"

## सूर्यस्तव

रवि समान कुनै अरु देव छन्।
भनि सकिन्न भनी श्रुति भन्दछन् ॥
इनि जगत् प्रभुको मन लाउँने।
भजनमा, जनमात्र सुखी हुने ॥ १ ॥
तरणिमण्डल दक्षिण लोचन।


CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

हृदयका पनि भित्र बसीकन ॥
जगतपालनमा छ समर्थ कुन् ।
यसरि ईसरि ईश हओस जुन् ॥ २ ॥
रजनिको तमलाई हटाउँदै ।
करममा सबलाई खटाउँदै ॥
नचुकि दिन् दिन नित्य उदाउने ।
तपनको पन को लिन पाउने ॥ ३ ॥
उदय अस्त हुँदा रवि जो जन ।
सुतिरहन्छ बिचेत बनीकन ॥
जति उ भोग्छ अनेक जुनी जुनी ।
भनि कलेश कले शकला उनी ॥ ४ ॥
तिमिरपञ्जरकुञ्जरकेशरी ।
अरु त को छ भनौं रविले सरी ॥
कुमुदको र ककोर चकोरको ।
निकरको अरि हो अरको र को ॥ ५ ॥
तिमिर बन्कन फाँडी फकाफकी ।
भुवन उज्वल पारि झकाझकी ॥
प्रभु उदाउनुहुन्छ त दिन्दिन ।
जगत भन्न अनीश्वर मान्दिन ॥ ६ ॥

['नेपालीय भाषा श्लोकसंग्रह'बाट]

## वरिष्ठ साहित्यकार कमलमणि दीक्षितद्वारा गरिएको समीक्षा

कमलमणि दीक्षितले "कविता कल्पद्रुम"मा छापिएका दधिरामज्यूका कविता "मदनोद्दिपिनी" कविता र उहाँकै "नेपालीय भाषा श्लोक संग्रह" पढी "सूर्यस्तव"बाट केही अंश उद्धृत गरी "बुइगल" मा समीक्षा गर्नुभएको रहेछ। उहाँले गर्नुभएको समीक्षा जस्ताको तस्तै प्रस्तुत गरिएको छ।

**दधिराम मरासिनी (१९३९२०२०)**

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection.

'कविता कल्पद्रुम' (१९६१) का दुई कविताका रचयिता यी कविको रसिकता देख्ता यिनको 'नेपालीय भाषा श्लोक संग्रह' (२०२१) उनैको होला भन्ने अनुमान गर्न गाह्रो पर्छ। तर शब्दलाई भनेको काम गराउन सक्ने शक्ति उनको यो ठूलो संग्रहमा पनि उत्तिकै परिलक्षित हुन्छ। यी कविको संस्कृतमा पनि उस्तै असाधारण गति थियो। संस्कृत र नेपालीमा यिनले धेरै ग्रन्थ रचना गरेका छन् भन्ने र यी कविको 'सदाचार र ज्ञानगरिमा' को नेपाली समाजमा ठूलो सम्मान थियो भन्ने कुरो सोही 'संग्रह' ले बताएको छ। खिदिमनिवासी यी कवि शशिधरका भाइका पनाति हुन्। आफूले विद्याध्ययन गरिसकेपछि यिनले आफ्नै जिल्लामा गएर अध्यापन कार्य गरी नेपालीको सेवा गर्दैरहे। ८२ वर्षको उमेरमा यिनले काशीमा 'शिवसायुज्य' प्राप्त गरे।

यिनका नाति (दौहित्र) मोदनाथ प्रश्रितको 'बुबा खै ?' भन्ने सानो शो ककाव्य (२०२०) बाट पनि यी कविको मानवीय पक्षको धेरै ज्ञान हुन्छ।

यिनको कवित्व शक्तिचाहिं माथि भनेजस्तै शब्दशासनबाट र कविशिरो मणिले आफूलाई कविता लेख्न सिकाउने गुरु यिनै हुन् भनेकोबाट बुझ्न सकिन्छ।


Nepal Sanskrit Academy, Kathmandu Collection

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

WORLD SANSKRIT ACADEMY

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

World Sanskrit Federation

WSA

CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection

# महापण्डित दधिराम मरासिनी रचित ग्रन्थरत्नहरू


















CC-0. Nepal Sanskrit Academy, Kathmandu Collection